कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या : ०७८।७९ (योजना) चलानी नम्बर : ६१८ मितिः २०७८/०८/२६

विषयः मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
कर्णाली प्रदेश।

चालु आर्थक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना स्वीकृत भई तहाँ स्थानीय तह अन्तर्गतका वडाहरुमा कार्यान्वयन हुने आयोजना र सोको बजेट प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मार्फत तहाँ स्थानीय तहमा पठाइसकिएको छ। कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को दफा ९ बमोजिमको निर्देशक समितिको मिति २०७८ साल मंसिर १९ गतेको देहायका निर्णय तथा मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७८ र प्रचलित कानून बमोजिम मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुन निर्णयानुसार अनुरोध छ।

देहायः

मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहाय बमोजिम गर्ने:

१. आयोजना एकीन नभएको सन्दर्भमा मुख्यमन्त्री रोजगार कार्यक्रम सूचना व्यवस्थापन प्रणालीमा आयोजना माग गर्दा पेश भएका कागजात तथा विवरण, आयोजना माग गर्ने आवेदकको विवरण र सम्बन्धित वडाको प्रतिनिधिको उपस्थितिमा भएको टोल भेलाले गरेको निर्णय समेतको आधारमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी आयोजना एकीन गर्ने तर एकीन हुन नसकेमा सबै ब्यहोरा खुलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउने।

२. आयोजना दोहोरो परेको वा आयोजना कार्यान्वयन हुन नसक्ने अवस्था भएको वा नितान्त व्यक्तिगत प्रयोजनको भएको वा आयोजना नै आवश्यक नदेखिएको वा बजेट र आयोजना बीच तालमेल नमिलेको सन्दर्भमा सम्बन्धित स्थानीय तहले सो को पुष्टयाई सहितको व्यहोरा खुलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्ने र यस सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय निकासा अनुसार कार्यान्वयन गर्ने।

३. वडा फरक परेको कारण योजना कार्यान्वयन हुन नसक्ने अवस्थामा सम्बन्धित वडाको बजेट सिमामा फरक नपर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले वडाको आवेदन सूची भित्र मध्येबाट मापदण्ड बमोजिम अर्को योजना छनौट गर्ने।

शाखा अधिकृत

☎ ०८३-५२०१८७,५२२१६४,५२१८३२फ्याक्स : ०८३-२५२६१८,५२४७७४
Web : www.ocmcm.karnali.gov.np, email : ocmcmkarnali@gmail.com

४. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको आयोजनामा काम गर्ने श्रमिक छनौट गर्दा सम्बन्धित टोलको भेलाबाट दोहोरो नपर्ने आधारमा बेरोजगार व्यक्तिको सूची तयार गरी सम्बन्धित स्थानीय तहले उपयुक्त सञ्चार माध्यामबाट सार्वजिनिकीकरण गर्ने र निजहरुलाई काममा लगाउने।

५. सम्बन्धित जिल्लाको जिल्ला दररेट वा स्थानीय दररेट वा प्रधानमन्त्री रोजगार कार्यक्रममा पाउने ज्यालादर मध्ये कुनै एक दररेट अनुसार श्रमिकले पाउने ज्यालादर कायम गर्ने।

६. मुख्यमन्त्री रोजगार कार्यक्रममा कार्यरत श्रमिकको पारिश्रमिक भुक्तानी मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम अनिवार्य रुपमा श्रमिकको बैंक खाता मार्फत गर्ने व्यवस्थाका लागि काममा लगाउनु पूर्व सम्बन्धित श्रमिकको बैङ्क खाता अनिवार्य रुपमा खोल्न लगाउने।

७. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत छनौट भएका आयोजनाहरूको कार्यान्वयन गर्ने उपभोक्ता समिति गठन सम्बन्धमा विवाद भएमा प्रचलित कानून तथा सम्बन्धित स्थानीय तहको उपभोक्ता समिति गठन एवं परिचालन सम्बन्धी व्यवस्था र मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि बमोजिम गर्ने।

<u>बोधार्थः</u>

**श्री सूचना प्रविधि तथा समन्वय शाखा,**

*(कार्यलियको वेबसाइटमा अपलोड गर्नुहुन)।*

.............................

युवराज न्यौपाने

शाखा अधिकृत